मिति : २०७५ साल जेष्ठ १४ गते
समय : विहान ८.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको तेह्रौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | दस्खतख |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | सचिव | श्री टीकादत्त राई | दस्तखत |
| २१ | बैठक व्यवस्थापन सहयोग (प्रशासकीय अधिकृत) | श्री डम्बर रोगु | दस्तखत |

छलफलका विषयहरु:

१. आर्थिक बर्ष २०७५/७६ को बार्षिक कार्यक्रम तयारी कार्यतालिका सम्बन्धमा ।
२. धनकुटा नगरपालिका योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५ स्वीकृत सम्बन्धमा ।
३. विविध ।

निर्णय नं.नं. १

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट बार्षिक योजना तर्जूमा सम्बन्धी कार्यलाई व्यवस्थीत गर्न तत्कालै जारी गर्नु पर्ने गरी मस्यौदा तयारी भई पेश भएको **धनकुटा नगरपालिका योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५** उपर बृहत छलफल गरी स्वीकृत गरियो ।

निर्णय नं. २

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को लागि बार्षिक नीति, योजना कार्यक्रम तथा बजेट तयारीको लागि तपसिल बमोजिमको कार्य तालिका अनुसार कार्य योजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल :

## धनकुटा नगरपालिकाको योजना तर्जूमा तालिका, २०७५

| क.सं. | कार्य विवरण | मिति | समय |
|---|---|---|---|
| १ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | २०७५ जेष्ठ २० | दिनको १.०० बजे |
| २ | बस्ती/टोल स्तरबाट योजना छनौट | २०७५ जेष्ठ १८- २० गते | वडाले तोकेको |
| ३ | वडा स्तरीय योजना प्राथमिकिकरण | २०७५ जेष्ठ २१ - २३ गते | वडाले तोकेको |
| ४ | विभिन्न गैर सरकारी संघसंस्थाहरुको कार्यक्रम प्राप्त | २०७५ जेष्ठ १८ - २४ गते | सम्बद्ध संघसंस्थाबाट |
| ५ | सचिवालयको काम | २०७५ जेष्ठ २४ - २५ गते | विहान ८.०० बजे देखि |
| ६ | विभिन्न कार्य समुहको बैठक | २०७५ जेष्ठ २६ गते | दिनको १.०० बजे |
| ७ | सचिवालयको काम | २०७५ जेष्ठ २७ | विहन ८.०० बजे |
| ८ | वजेट तथा कार्यक्रम तर्जूमा समितिबाट बजेट तथा कार्यक्रम तयारी | २०७५ जेष्ठ २८ र २९ | विहान ८.०० बजे |
| ९ | सचिवालयको काम | २०७५ जेष्ठ ३० गते देखि २०७५ असार २ गते | विहान ८.०० बजे |
| १० | नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत | २०७५ असार ५ गते | विहान ८.०० बजे |
| ११ | नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति | २०७५ असार ७ गते र ८ | दिनको १.०० बजे |

निर्णय नं. ३

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को लागि बार्षिक नीति, योजना कार्यक्रम तथा बजेट तयारीको लागि बस्तीस्तरको योजना सूची तयार एवम् वडास्तरीय योजनाहरुको प्राथमिकिकरण सम्बद्ध वडा कार्यालयहरुबाट सम्पन्न गर्ने र योजना तर्जूमा गदा तपसिलका मापदण्डहरुलाई अबलम्बन गर्ने निर्णय गरियो ।

तपसिल :

१. वडास्तरीय बजेटबाट पूर्वाधार विकास योजनाहरु छनौट गर्दा कम्तीमा एउटा योजना पन्ध्र लाख बराबरको र अन्य योजनाहरु कम्तीमा तीन लाख सम्मका योजनाहरु मात्र छनौट गर्ने ।

२. वडा क्षेत्रमा भएको पूर्वाधार विकास योजनाहरुको सामान्य मर्मत सम्भारको लागि कम्तीमा एक लाख सम्मका योजना छनौट गर्न सकिने ।

३. पुर्वाधार विकास योजनाको आयोजनाको नाम, आयोजना स्थल, लाभान्वित घरधुरी, लागत बजेट स्पष्ट संग उल्लेख गर्ने ।

४. लक्षीत क्षेत्रको लागि सञ्चालन गरिने तालिम, सिप तथा क्षमता विकास योजना तर्जूमा गर्दा कार्यक्रमको नाम, प्रस्तावित बजेट, लक्षीत क्षेत्र र लाभान्वित हुने संख्यालाई समेत स्पष्ट खुलाई योजना तर्जूमा गरी नगरस्तरीय बजेटको लागि प्रस्ताव पठाउने ।

**५. धनकुटा नगरपालिका योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५** को बुँदा ३.२ मा भएको निम्नानुसार आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्नु पर्नेछ ।

आयोजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरू:

क. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरूको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने

ग. राजस्व परिचालनमा योगदान पुऱ्याउने,

घ. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

ङ. स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

छ. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,

ज. समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल (Resilience) बनाउने,

झ. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

ञ. वडा समितिले आवस्यक देखेका अन्य विषयहरू ।

६. बस्तीस्तरमा योजना तर्जूमा गर्दा सम्बद्ध क्षेत्रका स्थानीय राजनैतिकदल, पूर्व जनप्रतिनिधिहरु, टोलवस्ती संगठनहरु, विद्यालय तथा संघसंस्थाका प्रतिनिधहरु, उपभोक्ता समितिहरु, क्लब तथा विभिन्न समुहहरु लगायत स्थानीय वडा क्षेत्रसंग समन्वय र सहकार्य गर्न सवै सरोकारवाला क्षेत्रको सहभागितालाई प्राथामिकता दिनु पर्नेछ ।

७. वडाभेलाबाट वडास्तरीय र नगरस्तरीय योजनाहरुको सूची अलगै तयार गरी मिति २०७५ जेष्ठ २४ गते भित्रमा बजेट तर्जूमा समितिलाई प्रमाणित प्रति उपलव्ध गराउनु पर्नेछ ।

निर्णय नं. ४

साविकमा जिल्ला समन्वय समिति धनकुटाबाट यस नगरपालिकाको ५ र ८ मा सञ्चालित गरिवसंग विशेश्वर कार्यक्रा आ.व. २०७४/०७५ देखि यस नगरपालिकामा हस्तान्तरण भई आए अनुसार सम्बन्धित वडाहरुको मुल समिताट अनुदान निकासाको लागि प्राप्त सिफारिस अध्ययन गरी नगर कार्यपालिकाबाट सम्बन्धित समुहलाई अनुदान निकासा दिने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने बिभिन्न प्रकारका तालिम गोष्ठी तथा सेमिनारहरुमा गरिने खर्चको मापदण्ड तपसिल बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

## धनकुटा नगर कार्यपालिकाको कार्यालय

## नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न तालिम गोष्ठी सेमिनारहरुमा हुने खर्चको मापदण्ड २०७५

१. स्रोतको व्यक्तिको पारिश्रमिक (सत्र ९० मिनेटको र कार्यपत्र (Handouts) अनिवार्य हुनेछ)

- बाह्य स्रोत व्यक्ति प्रति सत्र रु. ३४०० ।-
- आन्तरिक स्रोत व्यक्ति प्रति सत्र रु ३०००।-

(दिनको बढीमा ४ वटा सत्र हुनेछ)

२. अध्यक्षता प्रति कार्यक्रम रु. ३४००।-

३. कार्यक्रमको अनुगमन प्रति कार्यक्रम (बढिमा दुईजना) रु ३४००।-

४. कार्यक्रम व्यवस्थापन (प्रस्तावना तयारी, व्यवस्थापन ,प्रतिबेदन तयारी संचार समेत) प्रति कार्यक्रम रु ५०००।- र व्यवस्थापन सहयोगि प्रति कार्यक्रम बढीमा रु २५००।-

५. सहभागीको खर्च :

- चिया नास्ता प्रति सहभागि रु २००।-
- खाना खर्च प्रति सहभागी रु ३००।-
- यातायात खर्च प्रति सहभागी रु ४००।-
- स्टेशनरी प्रति सहभागी रु १५०।-

६. विविध खर्च (उद्घघाटन ,समापन ,पानी मायाको चिनो आदि) आवश्यक भएमा प्रति कार्यक्रम रु २५००।-

७. कार्यक्रम वडास्तरमा सचांलन भई बास बस्न परेमा नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ ।

८. सीप विकास तालिमको हकमा प्रस्तावनामा स्वीकृत भए बमोजिम हुनेछ ।

निर्णय नं. ६

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७२।६।१३ गते भन्दा अगाडि घरनक्सा पासको लागि अस्थायी इजाजत लिई स्वीकृत नक्सा अनुसार निर्माण भएका घरहरुको लागि पछि आई परेको बखत स्वयम् घर धनीलेनै घर हटाउने गरी स्थायी इजाजत पत्र दिने निर्णय गरियो ।

निर्णय नं. ७

धनकुटा नगरपालिकाको न्यायिक समिति मार्फत गरिने मेलमिलाप प्रकृयामा सहजीकरण गर्ने मेलमिलापकर्ता, अनुगमनकर्ता र व्यवस्थापनमा सहयोगी व्यक्तिलाई तपसिल बमोजिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

१. अनुगमनबापत प्रतिपटक रु. २५००।-
२. मेलमिलाकर्ता संयोजकलाई प्रतिपटक रु. १०००।-
३. मेलमिलापकर्ताहरुलाई प्रतिपटक रु. ७००।-
४.मेलमिलाप कार्यक्रम व्यवस्थापनमा खटिने कर्मचारीलाई प्रतिपटक रु. १०००।-

निर्णय नं. ८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ बमोजिम फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रमा समिति गठन गर्न सक्ने व्यवस्था भएकाले धनकुटा नगरपालिका फोहोरमैला व्यवस्थापन समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक : नरेश श्रेष्ठ ( वडाध्यक्ष) ।
२. सदस्य : मिलन कुमार खडगी (वडा सदस्य) ।
३. सदस्य : हिरादेवी राई (वडा सदस्य) ।
४. सदस्य : विष्णुमाया कन्दङवा
५. सदस्य : गौरी अत्री
६. सदस्य : जया पोखेल
७. सदस्य : सुनिल डंगोल ( धनकुटा अस्पताल विकास समिति प्रमुख)
८. सदस्य : धनकुटा बहुमुखी क्याम्पसले तोकेको प्रतिनिधि
९. सदस्य : उद्योग बाणिज्य संघ धनकुटाले तोकेको महिला प्रतिनिधि
१०. सदस्य : द्रोण प्रसाद गुरागाईं
११. सदस्य सचिव : उपेन्द्र खनाल

निर्णय नं. ९

धनकुटा नगर सभाको दोश्रो अधिवेसन २०७५ साल जेष्ठ २४ गते दिनको ११.०० बजे धनकुटा नगर सभा हलमा आयोजना गर्ने निर्णय सहित मिति २०७५ साल जेष्ठ २३ गते कार्यपालिकाको बैठक बस्ने गरी आजको बैठक समापन गरियो ।